मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १५६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख २३ गते मंगलवार (Tuesday, May 5. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

हाम्रो चाहना लागूऔषधरहीत, स्वस्थ र सुखी जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**ज्येष्ठ नागरिकलाई भत्ता :** शिवसताक्षी नगरपालिकाको कार्यालय अगाडि सामाजिक सुरक्षा भत्ता लिन बसेका ज्येष्ठ नागरिक । कोरोना भाइरस फैलिरहेको अवस्थामा भत्ता लिन आएका नागरिकले सामाजिक दुरी कायम गरेको देखिँदैन ।

*तस्वीर : सुरेन्द्र भण्डारी /पूर्वाञ्चल*

# झापाको सडकबाट नौ महिलाको उद्धार

**बिर्तामोड, वैशाख २२ ।** सडकमै दयनीय जीवन गुजारिरहेका नौ जना महिलालाई झापाबाट उद्धार गरिएको छ । सोमबार मेचीनगरबाट पाँच जना र बिर्तामोडबाट तीन जना महिलालाई उद्धार गरिएको हो । यसअघि नै कनकाईबाट एक महिलाको उद्धार गरिएको थियो ।

१ नम्बर प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरको विशेष पहलमा ती महिलाको उद्धार गरिएको हो ।

मेचीनगर तथा बिर्तामोड नगरपालिका, प्रशासन तथा सामाजिक अभियन्ताको सहयोगमा उनीहरुलाई उद्धार गरी विराटनगरको मानव सेवा आश्रममा पठाइएको छ ।



*बिर्तामोडबाट उद्धार गरिएका तीन महिला ।*



*सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर ।*

सामाजिक विकास राज्यमन्त्री गजमेरका अनुसार मानसिक सन्तुलन गुमाएका, लकडाउन वा अन्य कारणले विचल्ली भएर सडकमा बस्न बाध्य अधिकाँश मानिसहरुमध्ये महिला बढी जोखिममा परेकाले उनीहरुलाई पहिलो प्राथमिकतामा राखेर उद्धार गरिएको हो ।

वैशाख ६ गते संवाद समूहले सडक मानवको व्यवस्थापन र जोखिममा परेका महिलाबारे भिडियो कन्फ्रेन्स गरेको थियो । भिडियो कन्फ्रेन्समा सहभागी सरोकारवालाले राज्यमन्त्री गजमेरको गम्भीर ध्यानाकर्षण गराएका थिए । सरोकारवाला सहित राज्यमन्त्री गजमेरले उनीहरुको अल्पकालीन र दीर्घकालीन

(बाँकी अन्तिम पृष्ठमा)

## बलात्कार प्रयास

**झापा, वैशाख २२।** कपिलबस्तुको महाराजगञ्ज नगरपालिका वडा नं. -५ इटरोलमा एक किशोरीलाई जबर्जस्ती करणीको प्रयास गर्ने २६ वर्षीय रवीन्द्र केवटलाई प्रहरीले पक्राउ गरेको छ। युवतीका घरमा जबर्जस्ती करणीको प्रयास गरेपछि केवटलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक प्रताप पौडेलले बताए ।

उनको स्युराज अस्पताल बहादुरगञ्जमा शारीरिक परीक्षण गरेर मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइने प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

उता १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा राजगढ गाउँपालिका-४ छातापुर टोल बस्ने बेलही चपेना गाउँपालिका-७ घर भएका २५ वर्षीय शम्भुकुमार रामलाई प्रहरीले पक्राउ गरेको छ ।

ती किशोरीलाई रामले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ सुरक्षा बेस क्याम्प पत्थरगढाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## जंगलमा पासो थाप्दा...

**सर्लाही, वैशाख २२।** सर्लाहीको जङ्गलमा पासो थाप्दै गरेका तीन जना पक्राउ परेका छन् । वाग्मती नगरपालिका-१० शङ्करपुरको जङ्गलबाट वन्यजन्तु मार्न पासो थाप्दै गरेका उनीहरू पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा वाग्मती नगरपालिका-४ का चन्द्रबहादुर ब्लोन, नगरपालिका-२ का सन्देश मोक्तान र त्यही वडाका भीमबहादुर डिमडुम रहेका छन् । जङ्गली वन्यजन्तु मार्न पासो थाप्दै गरेको अवस्थामा सव डिभिजन वन कार्यालय मूर्तियाबाट खटिएको सशस्त्र वन रक्षकको टोलीले उनीहरुलाई पक्राउ गरेको थियो ।

वन रक्षक टोलीलाई देखेर अन्य शिकारी भागेको बताइएको छ । सशस्त्र वन रक्षक टोलीले घटनास्थलबाट ठूलो परिमाणमा

(बाँकी अन्तिम पृष्ठमा)

## डुबेर दुई जनाको मृत्यु

**बिराटनगर, वैशाख २२।** संखुवासभा र धनकुटामा पानीमा डुबेर दुई जनाको मृत्यु भएको छ । संखुवासभाको सभापोखरी गाउँपालिका-२ की ३२ बर्षीया चन्द्रकुमारी राई सभापोखरी गाउँपालिका-१ को सादीबेसीमा रहेको दिव्यश्वरी हाईड्रो पावरको पानी जमाउने पोखरीमा डुबिरहेको अवस्थामा मृत फेला परेकी हुन् । घटनाको जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरी टोलीले कानूनी प्रकृया पूरा गरेको जनाएको छ । घटनाबारे थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी धनकुटा नगरपालिका-१ जौटार बस्ने राजीव तितुङको १८ महिनाकी छोरी सिर्जना तितुङको आफ्नै घरमा रहेको पानीको ड्रममा डुबेर मृत्यु भएको छ । बालिका पानीको ड्रममा डुबेर मृत अवस्थामा रहेको भन्ने खबर प्राप्त भएसँगै जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलीले कानूनी प्रकृया पुरा गरेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## म्याद गुज्रेको मैदा बेच्ने पक्राउ

**सिरहा, वैशाख २२।** मुलुकमा जारी लकडाउनको मौका छोपी म्याद गुज्रेको मैदा बिक्री गरिरहेको अवस्थामा सिरहाको लहानबाट संयुक्त अनुगमन टोलीले एकजना व्यापारीलाई पक्राउ गरेको छ ।

म्याद गुज्रेको मैदा बिक्री वितरण भइरहेको प्राप्त सूचनाका आधारमा खटिएको संयुक्त अनुगमन टोलीले म्याद गुज्रेको २८ बोरा मैदासहित मुन्धडा इन्टरप्राइजेजका सञ्चालक पवन मुन्धडालाई पक्राउ गरेको हो ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख उपसचिव कमलराज भण्डारीको नेतृत्वमा खटिएको अनुगमन टोलीले

(बाँकी अन्तिम पृष्ठमा)

## विद्युत् महसुल उठाउन आचारसंहिता

**काठमाडौं, वैशाख २२।** नेपाल विद्युत् प्राधिकरणले ग्राहकको मिटर रिडिङका लागि जाने कर्मचारीका लागि आचारसंहिता तयार पारेको छ ।

प्राधिरकणले तयार पारेको आचारसंहितामा मिटर रिडरले मास्क र पञ्जा अनिवार्यरुपले लगाउने र आधा घण्टाको अन्तरालमा स्यानीटाइजर प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । मिटर रिडिङ गर्दा अन्य व्यक्तिको सम्पर्कमा नआउने र आउनै परेको अवस्थामा न्यूनतम् एक मिटरको दुरी कायम गर्नुपर्ने र आफ्नो शरीरको नियमित तपक्रम मापन गर्नुपर्ने व्यवस्था गरेको छ ।

ज्वरो, खोकी लागेका मिटर रिडरले मिटर रिडिङ नगर्ने र तत्काल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने, राज्यले कोरोना संक्रमित टोल वा क्षेत्र भनी ताकेको ठाँउमा मिटर रिडिङ नगर्ने, त्यस्तो क्षेत्रको ग्राहकको औसत खपतको आधारमा रिडिङ अङ्क समावेश गरी बिल पठाउने व्यवस्था गर्न प्राधिकरणले भनेको छ ।

लकडाउनका कारण विद्युत् खपतसमेत घटेको र प्राधिकरणको राजश्व सङ्कलनमा समेत ठूलो मार परेको छ । मासिक रु. छ अर्ब बराबरको महसुल उठाउँदै आएको भए पनि लकडाउनका कारण मासिक रु. ६० लाखको हाराहारीमा मात्रै महसुल उठिरहेको छ । कोरोनाको संक्रमण फैलने डरले प्राधिकरणले महसुल सङ्कलन काउण्टर खोलेको छैन । विद्युतीय प्रणालीबाट भुक्तानी हुने महसुलको मात्रा कम भएकाले महसुल संकलन काउण्टर नै खोल्नुपर्ने बाध्यता रहेको छ ।

गत चैत ११ गतेदेखि जारी लकडाउनका कारण अत्यावश्यक सेवामा रहेका कर्मचारीबाहेक अन्य कर्मचारी भने कार्यालयमा उपस्थित छैनन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले महसुल संकलनमा देखिएको अप्ठ्यारोका कारण संस्थाको आर्थिक अवस्थामा सङ्कट देखिने अवस्था पैदा भएको जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले लकडाउनको अवस्था अझै कायम रहेको

(बाँकी अन्तिम पृष्ठमा)




## नेकपाले दियो रोङलाई ५७०० केजी चामल

गणेश अर्याल

**इलाम, वैशाख २२।** नेपाल कम्युनिष्ट पार्टी रोङ गाउँ कमिटीले इलामको रोङ गाउँपालिकालाई ५ हजार ७ सय केजी चामल सहयोग गरेको छ । गाउँपालिकाको कार्यालय परिसरमा आयोजित एक कार्यक्रममा सो चामल गाउँपालिकाकी उपाध्यक्ष चन्द्रकला राईलाइ हस्तान्तरण गरिएको हो ।

पार्टी संगठनका अगुवा सदस्यहरुबाट स्वेच्छिक चन्दा संकलन गरेर सोना मन्सुली ग्रेडिङ चामल किनेर गाउँपालिकालाई दिएको अध्यक्ष बृहस्पति खतिवडाले बताए। कोभिड -१९ को संक्रमणको कारण सरकारले देश लकडाउन गर्दा उत्पन्न असहज परिस्थितिले हातमुख जोड्न समस्यामा रहेका जनसमुदायका लागि गाउँपालिकामार्फत राहत उपलब्ध गराएको अध्यक्ष खतिवडाले बताए ।



कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष राईले चामल सहयोग गरेकोमा नेकपालाई धन्यबाद दिइन् । बिषम् परिस्थितिमा गाउँपालिकाले गरेको सार्बजनिक आह्वानलाई स्वीकार्दै खाद्यान्न सहयोग गर्ने सबैलाई धन्यबाद ब्यक्त गर्दै उपाध्यक्ष राईले आगामी दिनमा पनि यस्तै सहयोग गर्न आग्रह गरिन् ।

कार्यक्रममा सामाजिक बिकास समितिका संयोजक एवम् वडा नम्बर -५ का वडाध्यक्ष युवराज खाप्तुवा राई, आर्थिक बिकास समितिका संयोजक एवम् वडा नम्बर -३ का वडाध्यक्ष मात्रिका बराल, वडा नम्बर -४ का अध्यक्ष सूर्य राई, नेकपा प्रदेश नम्बर १ का प्रदेश कमिटी सदस्य हिमाल किराँती, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप गौतम, जिल्ला समन्वय समिति इलामका सदस्य चन्द्र मगर, बिष्णु भुजेल लगायतको सहभागिता रहेको थियो ।

**राहत बितरणमा नेकपाको असन्तुष्टी**

यसैबीच रोङ गाउँपालिकाले दुई चरणमा राहत बितरण गरेको छ । केही वडामा दोश्रो चरणको राहत बितरण भइसकेको छ भने केहीमा जारी छ । यसै क्रममा वडा नम्बर -६ मा गाउँपालिकाले राहत बितरण गर्दा अपारदर्शी भएको भन्दै नेकपाले असन्तुष्टि प्रकट गरेको छ । गाउँपालिकाले सर्बपक्षीय समिति बनाएर राहत बितरण गर्नुपर्नेमा वडा नम्बर -६ मा नेकपालाई थाहा नै नदिई राहत बितरण गरिएको नेकपा रोङ गाउँ कमिटीका अध्यक्ष बृहस्पति खतिवडाले बताए ।

अध्यक्ष खतिवडाले गाउँपालिका उपाध्यक्ष चन्द्रकला राईलाई सो विषयमा जानकारी गराएको बताइएको छ । पार्टीका वडा स्तरको कमिटीका सदस्यलाई बिपद् ब्यवस्थापन समितिमा राखे पनि बैठकमा नबोलाएको र लक्षित

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**चैतेधान :** झापाको कमल गाउँपालिका -७ मेमेङ टोलका कृषकले लगाएको चैतेधान । कमलका किसानले पछिल्ला वर्षमा चैते धानखेती गर्दै आएका छन् । **तस्वीर : यज्ञराज आङदम्बे /रासस**

## झापाको....

समस्या समाधानको पहल तत्काल थाल्ने प्रतिवद्धता कार्यान्वयनमा आएको भन्दै सरोकारवालाले खुशी व्यक्त गरेका छन् ।

सोमबार आश्रममा लगिएकाहरुको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) र पोलिमिरेस चेन रियाक्सन (पीसीआर) विधिबाट थ्रोड स्वाब संकलन गरी स्वास्थ्य परीक्षण गर्ने त्यसपछि नतिजा नेगेटिभ आए आश्रममा लैजाने पोजेटिभ आए कोरोना अस्पतालमा लगेर उपचार गर्ने राज्यमन्त्री गजमेरले जानकारी दिइन् ।

अहिले विश्वभर नोवल कोरोना भाइरस कोभिड -१९ को संक्रमण भइरहेका बखत उनीहरुलाई सोझै आश्रममा राख्दा समस्या हुने भएकाले उनीहरुको स्वास्थ्य परीक्षण गर्नुपरेको राज्यमन्त्री गजमेरको भनाइ छ ।

राज्यमन्त्री गजमेरका अनुसार मानव सेवा आश्रममा ती महिलाहरुलाई राख्ने र आश्रमलाई सामाजिक विकास मन्त्रालयले आर्थिक सहयोग गर्ने बताइन् ।

लकडाउनमा झापाका सडक मानव भोकै परेपछि सामाजिक अभियन्ता दिवाकरलाल चौधरी, खगेन्द्र घिमिरे लगायतको टिमले खानाको व्यवस्था गर्दै आएको थियो ।

सडकका महिलाहरु बलात्कारलगायत हिंसाको शिकार हुने डरले उनीहरुको तत्काल व्यवस्थापन गरिएको बताइएको छ । लकडाउन खुलेपछि सडकमा बस्ने पुरुषहरुलाई समेत सरकारले उचित व्यवस्थापन गर्ने राज्यमन्त्री गजमेरको भनाइ छ । प्रदेश १ लाई सडकमानव रहित बनाइने मन्त्रालयले जनाएको छ ।

मेचीनगरको काँकरभिट्टाबाट इलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रहरी टोलीको सहयोगमा मेचीनगर नगरपालिकाको एम्बुलेन्समा राखेर विराटनगर पठाइएको मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेतीले बताइन् ।

बिर्तामोडमा उपमेयर पवित्रा महतारासहित सामाजिक अभियन्ता, जनप्रतिनिधि, प्रहरी प्रशासनको टोलीले महिलाको उद्धारमा सहयोग गरेको थियो ।

यस अघि झापाका सडकमै जीवन गुजार्ने र विभिन्न चोकमा रहेका असहाय तथा मानसिक सन्तुलन गुमाएकाहरुका समस्याको बारेमा ‘भिडियो कन्फ्रेन्स’ मा गम्भीर छलफल हुँदै आएको थियो । प्रदेश नं. १ की सामाजिक विकास राज्यमन्त्री गजमेरले लकडाउनको समयमा सडक मानवको समस्यालाई अल्पकालीन र त्यसपछि दीर्घकालीन रुपमा समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाउदै आएकी थिइन् ।

‘भिडियो कन्फ्रेन्स’ मा एबीसी नेपाल झापाकी अध्यक्ष कञ्चना ढकाल सिटौला, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, वीरता जेसीजका अध्यक्ष मिजास पोखरेल लगायतले सडक मानवको दिगो व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै आफ्नोतर्फबाट उनीहरुको हितका लागि सञ्चालन गर्ने अभियानमा सहयोग रहने प्रतिबद्धता जनाएका थिए । उद्धार कार्यमा उनीहरु पनि सहयोग गर्नसँगै लागीपरेका थिए ।

# पूर्खौली सीप सिक्दै युवा

**युद्धबहादुर बोहोरा**

**पाँचथर, वैशाख २२।** प्रविधिको विकासले निम्त्याएका कम्प्युटर (ल्यापटप), इन्टरनेट र मोबाइल जस्ता इलेक्ट्रोनिक सामग्रीमा हरपल व्यस्त रहने ग्रामीण क्षेत्रका अधिकाँश युवा यतिबेला पूर्खौली सीप सिक्न व्यस्त भएका छन् ।

कोरोना कहरबाट सामान्य जनजीवनमा फर्कने अवस्था तत्काल निश्चित नहुँदा उनीहरु बाबुआमालाई सहयोग गर्न थालेका छन् ।

शुरुमा बाहिरबाट घर आएको केही दिनसम्म अलमल्लमा परेका उनीहरु घरायसी काममा व्यस्त देखिन थालेका छन् ।

गाउँघरमा हुने खेतीबाली मध्ये कोही चिया टिप्ने, मकै गोड्ने, दाउरा काट्ने, गाई भैंसीको दूध दुहुने, खसीबाख्रालाई घाँस काट्ने, धान रोप्नको लागि आवश्यक तयारी गर्ने, सागसब्जी तथा विरुवा रोप्ने आदि काममा जुट्न लागेको बताउँछन् शंकरदेव क्याम्पस काठमाडौंमा बीबीएस दोस्रो वर्ष अध्ययनरत् फाकफोकथुम -१, खाम्बाङ्गका युवा प्रकाश भट्टराई ।



उनी भन्छन् -क्याम्पस छुट्टी हुनासाथ देश लकडाउन हुनुभन्दा दुई दिनअघि घर आइपुगियो उता कहिले फिर्ने टुंगो छैन, ल्यापटप पनि हतारमा कोठामै छोडियो अब घरमा बसुञ्जेल बुबाआमासँगै खेतीपाती र घरायसीकाममा दिन बिताउँछु ।

त्यस्तै कोही युवा भने घाँस बोक्न, चिया टिप्न, दाउरा बोक्न आवश्यक पर्ने डोको बुन्न सिक्न थालेका छन् । बाल्यकालदेखि नै पठनपाठनको दौरानसँगै सुविधा सम्पन्न ठाँउमा पुगेर उनीहरु आफ्ना बाबुबाजेले के-के काम गर्छन् र कसरी खर्च दिन्छन् भन्ने पत्तो नपाई अर्कै संसारमा रमाएका थिए ।

अहिले देशमा बन्दाबन्दी भएपछि बाध्यताले गाउँघर फर्किएका उनीहरु भन्छन् -अहिले फुर्सद छ तर शहरमा जस्तो इन्टरनेट छैन दिन विताउन मुस्किल हुन्छ बरु पूर्खाले जानेको सीप सिक्नसके काममा आउने रहेछ ।’ गाउँघरमा सबैले गरेको काम गर्दा बेग्लै आनन्द हुने साथै स्वच्छ र ताजा खानेकुरा खान पाउँदा खुशी त छन् तर भविष्यप्रति त्यतिकै चिन्तित छन् उनीहरु ।

ग्रामीण क्षेत्रका लाखौं युवा रोजगारीका लागि विदेश जाने र हरेक परिवारका छोराछोरी घर बाहिर जाँदा खेतीयोग्य जमिन बाँझिएको थियो । अहिले धेरैजसो घरमा भेला हुँदा खेती गर्न हिम्मत बढेको गाउँका किसान आमाबुबा बताउँछन् ।

वर्तमान शिक्षा प्रणालीसँगै व्यावहारिक ज्ञान नभए एकोहोरो पढाइले मात्रै अहिलेका सन्तति परिपक्व नहुने उनीहरुको बुझाइ छ । आधुनिक किसिमको कृषि प्रणाली अवलम्बन गर्दै युवा स्वरोजगारको नीतिलाई प्राथमिकता दिने हो भने अहिले देखा परेको विश्व संकटको समस्यामा कोही भोकै नहुने उनीहरुको ठम्याइ छ ।

## नेकपाले...

बर्गका मानिसले राहत पनि नपाएको जानकारी आएको बताउँदै अध्यक्ष खतिवडाले यस बिषयमा गाउँपालिकाले जानकारी गराउनु पर्नेमा जोड दिए ।

गाउँपालिकाले एउटै कार्यबिधिबाट राहत बितरण गर्ने निर्णय भएकाले कसरी वडानम्बर ६ मा यस्तो भयो खोजी गर्ने उपाध्यक्ष चन्द्रकला राईले बताइन् ।

**कार्यबिधिमा के छ ?**

कोरोना प्रभावितहरुलाई राहत बितरण गर्न कार्यबिधि बनाएर रोङ गाउँपालिकामा लागू भएको छ । गत चैत्र १९ गतेको कार्यपालिकाको बैठकले निर्णय गरी कार्यबिधि लागू भएको हो । कार्यबिधिमा बिपद् व्यवस्थापन समिति गठन गर्ने उल्लेख गरिएको छ । वडा अध्यक्षको संयोजकत्वमा गठन हुने समितिमा टोल विकास संस्था, राजनीतिक दल, कर्मचारी लगायत सदस्य रहने व्यवस्था रहेको छ । वडा नम्बर -६ मा पनि सोही अनुसार बिपद् व्यवस्थापन समिति बनेको वडाध्यक्ष सुवास तामाङ बताउँछन् । टोल विकास संस्थाबाट फूलमाया गोम्देन, कञ्चन गोम्देन, अञ्जना सुन्दास जीवन राई र युवराज आचार्य सदस्य रहेको वडाध्यक्ष तामाङले बताए । त्यस्तै नेपाली कांग्रेसबाट डम्बर राई र नेकपाबाट धनवीर राई सदस्य रहेको वडाध्यक्ष तामाङले जानकारी दिएका छन् ।

पहिलो चरणको राहत बितरण भइसकेको र दोश्रो चरणको पनि बितरण गर्ने तयारी भइसकेकाले सबैसँग सहकार्य भएको उनले बताए । आफ्नो वडामा सम्बन्धित राहत पाउने परिवारलाई अग्रिम रुपमा कुपन उपलब्ध गराइसकिएको र वडाका बिभिन्न ६ वटा डिपोबाट राहत बितरण गरिने वडाध्यक्ष तामाङको भनाइ छ । वडाध्यक्ष तामाङका अनुसार कुवापानी, सलकपुर, वडा कार्यालय नजिक, दूधे, पाटापुर र रम्याङमा डिपो बनाइएको र ती डिपोबाट राहत बितरण हुने छ ।

यसैबीच बिपद् ब्यवस्थापन समितिमा रहेका नेकपाका प्रतिनिधि धनवीर राईले पहिलोपटकको बैठकमा बोलाएको तर त्यसपछि आफूलाई कुनै जानकारी नभएको बताए । पहिलोपटक मोबाइलमा एसएमएस आएको भएपनि त्यसपछि कुनै जानकारी नगराएकोले राहत बितरण भए नभएको बारेमा आफूलाई थाहा नभएको उनी सुनाउँछन् । उता वडाअध्यक्ष राईलाई यस बिषयमा जिज्ञासा राख्दा बर्तमान लकडाउनको अवस्थामा बैठक बस्न समस्या हुन सक्ने भएकाले कतिपय अवस्थामा टेलिफोनबाट एजेण्डा आदान-प्रदान र राहत पाउनेको नामावली संकलन गरेको बताउँछन् । वडा नम्बर-६ मा पहिलो चरणमा १ सय ९ घर परिवारलाई राहत बितरण गरिएको र दोश्रो चरणमा १ सय ७ परिवारलाई बितरण गर्ने तयारी भइसकेको वडाअध्यक्ष तामाङको भनाइ छ ।

## म्याद...

म्याद गुज्रेको मैदासहित मुन्धडालाई पक्राउ गरेको राष्ट्रिय उपभोक्ता मञ्च सिरहाका अध्यक्ष रमानन्द गुप्ताले जानकारी दिए । पक्राउ परेका मुन्धडालाई इलाका प्रहरी कार्यालय लहानमा राखेर आवश्यक कारवाही अघि बढाइएको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक शरत थापा क्षेत्रीले जानकारी दिए ।

यसअघि सदरमुकाम सिरहामा कालोबजार गरेको आरोपमा एक व्यापारीलाई प्रहरीले पक्राउ गरेको थियो । यस्तै वन कर्मचारीको गस्ती टोलीले सिरहाको लहान नगरपालिका-१७ स्थित राजदेवी सामुदायिक वनभित्र अवैधरुपमा कटान गरिएको साखु तथा खयरका काठ दाउरा बरामद गरेको छ ।

अवैधरुपमा काठ दाउरा कटान गरिरहेको गोप्य सूचनाका आधारमा खटिएको वन कर्मचारीको टोलीले साखु र खयर जातको काँचो काठ दाउरा कटान गरिएको अवस्थामा बरामद गरेको हो । गस्ती टोलीलाई देखेपछि तस्कर फरार भएको डिभिजन वन कार्यालय लहान, सिरहाका प्रमुख सुभाषचन्द्र दासले जानकारी दिए ।

## जंगलमा...

वन्यजन्तु मार्न प्रयोग गरिने पासो र बा ७० प ३५७८ नम्बरको पल्सर मोटरसाइकल बरामद गरेको छ । पक्राउ परेका तीनै जनालाई सव डिभिजन वन कार्यालय मूर्तियामा राखेर थप अनुसन्धान भइरहेको जनाइएको छ ।

केही दिनअघि मात्र वन्यजन्तु मार्न हानेको भरुवा बन्दुकको गोली लागेर मूर्तिया जङ्गलमा दुई जना घाइते भएका थिए ।

## विद्युत...

खण्डमा प्राधिकरणमा ठूलो आर्थिक नोक्सानी भोग्नु पर्ने बताए ।

घरायसी ग्राहकले १५० युनिटसम्म विद्युत् प्रयोगमा चैत र वैशाख महिनाभरको महसुलमा २५ प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ ।

यस्तै महसुल संकलन काउण्टरमा बस्ने कर्मचारीले मास्क, पञ्जा र चस्मा वा प्लास्टिकको हेल्मेट अनिवार्यरुपमा प्रयोग गर्ने र स्यानीटाइजर हरेक आधा घण्टामा प्रयोग गर्ने व्यवस्था गरिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । काउण्टरमा बस्ने सबैको हरेक दिनको तापक्रम मापन गर्ने, काउण्टर क्षेत्रमा हरेक दिन स्यानीटाइज गर्ने, ग्राहकलाई एकआपसमा कम्तीमा एक मिटरको दुरी कायम गरी लाइन बस्न लगाउने, हरेक ग्राहकलाई काउण्टरभित्र छिर्दा प्रवेशद्वारमा हात धोइ स्यानीटाइजर लगाउने व्यवस्था गर्ने, थर्मल गन प्रयोग गरी शरीरको तापक्रम मापन गर्ने र साबुन पानीले हात धुने तथा व्यक्तिगत सुरक्षा उपकरण अनिवार्यरुपमा लगाएर कर्मचारी बस्ने व्यवस्था मिलाइने भएको छ ।

ग्राहकले महसुल बुझाइसकेपछि जाने बेलामा पनि स्यानीटाइजर लगाएर पठाउने व्यवस्था गरिएको छ । संकलन भएको नोट वा सिक्कालाई स्यानीटाइज गरी विशेष सावधानीपूर्वक राख्ने, संकलन भएको महसुल सोही दिन बैंकमा जम्मा गर्ने, मास्क लगाएको ग्राहकलाई मात्र कम्पाउण्डमा छिर्न दिने व्यवस्था गर्नसमेत प्राधिकरणको आचारसंहितामा उल्लेख छ । यस्तै आयोजनाको काम र अन्य पूँजीगत कार्य सञ्चालनका लागि पनि नयाँ व्यवस्था गरिएको छ ।

जटिल प्राविधिक कार्य र सुपरिवेक्षणका कार्यबाहेक अन्य सबै काममा सकभर स्थानीय कामदार प्रयोग गर्ने, काममा खटिने व्यक्तिले मास्क र पञ्जाको अनिवार्य प्रयोग गर्ने र स्यानिटाइजरको आवश्यकताअनुसार व्यवस्था गर्न भनिएको छ ।

# लकडाउन : खरबुजा खेतीको लगानी डुब्यो

**लक्ष्मी उप्रेती**

**मेचीनगर, वैशाख २२।** झापाको मेचीनगर-९ मागुरमाडीका व्यावसायिक रुपमा खरबुजाको अर्ग्यानिक खेती गरिरहेका किसानहरुले सरकारले आफ्ना उत्पादनलाई सहजरुपमा बजारसम्म पुग्ने वातावरण मिलाई दिनुपर्ने वा सरकारले स्वयम् खरिद गरिदिनु पर्ने विकल्प अघि सारेका छन् ।

अहिले आफ्ना खेतमा उत्पादन भएका खरबुजा लकडाउनका कारण समयमै बजार पुर्‍याउन नसक्दा खेतबारीमै कुहिएर जाने र हात्तीले खाएर, कुल्चिएर नष्ट गर्ने गरेका कारण लाखौं रुपैयाँको आफ्नो लगानी डुब्ने अवस्थामा पुगेको किसानहरुले दुःखेसो व्यक्त गरेका छन् ।

मागुरमाडी क्षेत्रमा मात्रै १२ जनाभन्दा बढी किसानले ५ विगाह जग्गामा व्यावसायिकरुपमा खरबुजाको अर्ग्यानिक खेती गरेका छन् । फागुनमहिनामा रोपेको विरुवामा एक महिनामै फल लाग्न शुरु हुने र फल लाग्न शुरु भएको दुई महिना लगत्तै खानका लागि तयारी हुने खरबुजा अहिले धेरैका खेतबारीमा लटरम्म फलेका छन् । तर, लकडाउनका कारण यातायात नचल्दा वा बजार बन्द भएका कारण त्यहीँ नै कुहिने अवस्थामा पुगेको छ ।

विशेष गरेर १ नम्बर प्रदेशको धरान, विराटनगर तथा गण्डकी प्रदेशको पोखरालगायत अन्य बजारलाई लक्षित गरेर मागुरमाडीका किसानले अर्ग्यानिकरुपमा व्यावसायिक ढंगले खरबुजा खेती गरेको भएपनि अहिले लकडाउनका कारण समयमै ती बजारसम्म पुर्‍याउन नसक्दा किसानले आर्थिकरुपमा ठूलो क्षति व्यहोर्नु परेको डीएण्डडी बायोप्लान्ट मेचीनगरका सञ्चालक डिल्लीराज उप्रेतीको भनाइ छ ।

‘अहिले हरेक किसानका खेतवारीमा खरबुजा राम्रैसँग उत्पादन भएका छन्’ उप्रेतीले भने -‘हाम्रो बजार १ नम्बर प्रदेशका थोरै र गण्डकी प्रदेशका अधिकाँश बजार हो । तर, अहिले लकडाउनका कारण ती बजारमा आफ्ना उत्पादन पुर्‍याउनै सकिएको छैन । गण्डकी प्रदेशले अन्य प्रदेशबाट कुनै पनि कृषिजन्य बस्तुको निर्यातमा रोक लागाएको छ । तर, भारतको जोगवनीबाट नेपालको विराटनगर नाका हुँदै भित्रिएका अन्य सामान भने निर्वाध त्यहाँ पुगिरहेका छन् ।’



बजारका कारण अधिकाँश किसानको ठूलो लगानी जोखिममा परेको उनको भनाइ छ । बजारमा १ नम्बर प्रदेशसहित गण्डकी प्रदेशमा अर्ग्यानिक वस्तुको माग प्रश्स्त छ, उत्पादन पनि मनग्यै छ तर लकडाउनका कारण बजार र यातायातका साधन नचल्दा समस्या भएको कृषक उप्रेतीको भनाइ छ ।

स्थानीय बजारले यहाँ उत्पादन भएका यस्ता वस्तुको माग धान्ने अवस्था छैन । यस बारेमा आफूहरुले प्रदेश सरकारदेखि संघीय सरकारसँगै समस्या राखे पनि कुनै सुनुवाई नभएको किसानहरुले गुनासो गरेका छन् । मेचीनगर नगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती र प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्सहितको टोलीले किसानका घरघरमै पुगेर जानकारी लिएको उप्रेतीले बताए ।

करीव चार विगाह जमिनमा १२ देखि १४ लाख रुपैयाँ लगानी गरेर शुरु गरेको खरबुजा खेतीले अहिले २५ देखि ३० लाख रुपैयाँको आम्दानी दिए पनि उत्पादन भएका खरबुजा बजारसम्म पुर्‍याउन नसक्दा खेतबारीमै कुहिने अवस्थामा पुगेको उप्रेतीको भनाइ छ ।

मेचीनगरको मागुरमाडी क्षेत्र जंगली हात्ती प्रभावित क्षेत्र हो । लकडाउनका कारण बजारसम्म पुर्‍याउन नसकेर बारीमै खरबुजा कुहिने चिन्ता किसानलाई एकतातिर छ भने अर्कातिर रातैपिच्छे गाउँ पस्ने जंगली हात्तीले खाएर र कुल्चिएर नष्ट गर्ने अनि खेतबारीबाटै चोरी पो हुने हो कि भन्ने चिन्तासमेत किसानमा छ । आफूहरुले तीनै तहको सरकारसँग समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरेको उप्रेतीले बताए । उनले भने- ‘हामीलाई रातभर निद्रा आउँदैन, खेतबारीमा लाखौं रुपैयाँ लगानी गरिएको छ । चित्त बुझ्दो ढंगले उत्पादन पनि भएको छ । तर ती वस्तुलाई समयमै बजार पुर्‍याउन नसक्दा जंगली हात्तीको आहरा र चोरहरुले लैजान्छन् भन्ने चिन्ता हुन्छ रातभर ।’

आफ्ना उत्पादनमा रसायनिक मलखाद तथा विषादि प्रयोग नगरेका कारण १०/१५ दिनसम्म कुहिने अवस्था नरहेपनि हात्ती र चोरीका कारण क्षति पुग्ने किसानहरुको भनाइ छ । एउटा हात्तीले एकरातमा २ देखि ३ सय दाना खाने र त्योभन्दा बढी कुल्चेर नष्ट गर्ने गरेको पीडित किसानहरु बताउँछन् ।

किसानहरुले आफ्ना समस्या स्थानीयदेखि संघीय सरकारमा समेत राखेको भएपनि कुनै तहको सरकार यो समस्याप्रति गम्भीर नबनेको उनीहरुको आरोप छ । सरकारले नेपालमै व्यावसायिक खेती गर्न र नेपाललाई हरेक खाद्यान्नका लागि आत्मनिर्भर बनाउने भनेर हल्ला गरे पनि त्यसप्रति सरकार कुनै सकारात्मक ढंगले अघि नबढेको स्थानीय कृषक रेखा बाराकोटीको भनाइ छ ।

‘लाखौ रुपैयाँ लगानी गरेर अर्ग्यानिक खेत गरियो र विक्री गर्ने बेलामा सवै नष्ट हुने अवस्थामा छ’ -बाराकोटीले भनिन् -‘अब कि त सरकारले आफ्ना उत्पादनलाई सहजरुपमा बजारसम्म पुग्ने वातावरण मिलाई दिनुपर्ने वा सरकारले स्वयम् खरिद गरिदिनु पर्‍यो नत्र हाम्रो यसमा गरेको लगानीको कारण घरवास उठिवास हुने अवस्था आउँछ ।’ खरबुजाले राम्रै उत्पादन दिएको भएपनि समयमै बजारसम्म पुर्‍याउन नसक्दा लाखौ रुपैयाँ डुब्ने र चर्को व्याजदरमा ऋण काढेर गरेको खेती डुब्दा घरबारी नै लिलामी हुने अवस्था शतप्रतिशत रहेको भन्दै किसानका यी सामुहिक समस्यामा नेपालका तीनै तहका सरकार गम्भीर भएर समाधानतर्फ लाग्न बाराकोटीले आग्रह समेत गरिन् ।

स्थानीय बजारले मात्र यसको उत्पादन धान्न नसक्ने र बजारमा प्रश्स्त माग हुँदासम्म पुर्‍याउन नसकेकै कारण लगानी खेर जाने अवस्थामा पुगेको किसान प्रदीप उप्रेतीले बताए । उनले भने- खरबुजाले उत्पादन पनि राम्रोसँग दिए पनि उचितरुपमा बजारीकरण गर्न नसक्दा समस्यामा परेको छौं । ‘स्थानीय व्यापारीहरुले दैनिक १ देखि ३ सय केजीसम्म खरिद गर्छन्’ प्रदीपले भने- ‘मागुरमाडी क्षेत्रमा मात्र २ लाख केजी उत्पादन भएको छ ।’ खुद्रा विक्री गरेर आफ्नो लगानी उठ्ने सम्भावना नरहेको उनको भनाइ छ ।

उनले किसानले उत्पादन गरेका वस्तु छिटोभन्दा छिटो बजारसम्म पुर्‍याई दिने वातावरण मिलाई दिन सरकारको ध्यानाकर्षण गराएका छन् ।

वैदेशिक रोजगारीका लागि विदेशिन तयार भएका उप्रेती स्थानीयस्तरमा अरुले शुरु गरेको व्यावसायिक खरबुजा खेती देखेर विदेशको यात्रा त्यागेर गाउँठाउँबाटै सयकडा ३ रुपैयाँ व्याजका दरले ऋण लिएर १० कठ्ठामा लगाएको खरबुजा बजारसम्म पुर्‍याउन नसक्दा बारीमै नष्ट हुन थालेपछि साहुको ऋण कसरी तिर्ने भन्ने समस्या सिर्जना भएको पीडा सुनाउँछन् ।

उनको जस्तै पीडा छ अर्का किसान शौरभ उप्रेतीको पनि । खरबुजाको बजारमा माग भएपनि बजारसम्म पुर्‍याउन नसक्दा किसानले आर्थिकरुपमा ठूलो नोक्सान व्यहोर्नु परेको उनको भनाइ छ ।

नेपाललाई कृषिप्रधान देश भनिए पनि हरेक वर्ष हरियो सागसब्जीदेखि फलफूल र खाद्यान्न समेतमा परनिर्भर बन्नु परेको छ । नेपालमा व्यावसायिकरुपमा खेती गर्ने किसानहरुको समस्या बुझेर समयमै समाधानतर्फ लाग्ने हो भने कृषितर्फ उनीहरुको आर्कषण बढ्न सक्छ । यसकारण नेपाललाई साँच्चै कृषिप्रधान देश भन्ने र व्यवहारमा समेत देखाउने हो भने तत्काल सरकार र सम्बन्धित निकाय आजै हरेक किसानका खेत खेतमा पुग्न जरुरी छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# अब पालो कृषि क्रान्तिको

वैश्विक संकटका रूपमा रहेको कोरोना प्रकोप हाम्रा लागि अवसर पनि बन्न सक्छ । यसको कहरबाट जोगिएर देशमै अवसर र सम्भावना खोज्न प्रेरीत गर्न सक्ने भएकाले यो समयलाई सरकारले सदुपयोग गर्नुपर्छ । रोजगारी र अवसरको अभावमा विदेशिएका लाखौं युवालाई कृषि उद्यममा जोड्न सकिए विदेशको मोहसमेत घट्ने निश्चित छ । यसका लागि सरकारले कृषि कर्म लक्षित र युवालाई आकर्षित गर्ने खालका कार्यक्रम ल्याउनु पर्दछ । यतिबेला लाखां युवा खाडी लगायत विश्वभर छरिएका छन् । आफू र परिवारको निर्वाह र भविष्यको सुनिश्चितताको आशामा पलायन भएका उनीहरू अहिले चाहेर पनि स्वदेश फिर्न सक्दैनन् ।

कृषि प्रधानता अहिले दन्त्य कथा जस्तै भएको छ । बहुसंख्यक नेपाली कृषिकर्ममा संलग्न भएका र देशको आम्दानीको स्रोत पनि कृषि उत्पादन नै रहेका कारण कृषिप्रधान देश भनिएको थियो । तर, पछिल्लो समय सरकारले यसको व्यवस्थापन र प्रबर्द्धनमा उपेक्षा गरेका कारण युवा वर्ग कृषि कर्मप्रति विरत हुँदै गए । त्यसैले आजसम्म यो पेशा व्यवसायिक हुन सकेको छैन । परिणाममा कृषि निर्वाहमुखी हुँदै सिंगै देश परनिर्भर हुन पुगेको छ । जैविक विविधताको भण्डार भनिने हाम्रो देशको भौगोलिक विविधता प्रकृतिको सुन्दर उपहार हो । यसलाई नचिनेर, उपयोग गर्न नजानेर अनि अजस्र शक्ति युवालाई यसप्रति आकर्षित गर्न सक्ने कार्यक्रम प्रबर्द्धन नगरिँदा परावलम्बन बढ्दै गएको हो ।

गत बर्ष मात्रै भारतलगायतका देशहरूबाट तेत्तीस अर्बको चामल आयात भयो । सरकारी तथ्यांक अनुसार त्यही बर्ष सात अर्बको आलु, छ अर्बको स्याउ, सात अर्बको मरिच आयात भएको थियो भने तेह्र अर्बको मकै र दुई अर्बको केरा आयात गरियो । कृषिवस्तुको उर्वर भूमि तराईका फाँट र फलफूल एवम् तरकारी र जडीबुटीहरूको अनन्त स्रोत पहाडी र हिमाली क्षेत्र हाम्रा अमूल्य सम्पदा हुन् । यसबाहेक प्रकृतिले समेत नेपाललाई सौन्दर्यमयी बनाएको छ । यी सबै बिशिष्टताका कारण समृद्धशाली हुनु पर्नेमा परावलम्बनतर्फ उन्मुख हाम्रो अर्थतन्त्रलाई कोरोनाजनित संकट अवसर बन्न सक्छ । यही समय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राध्यापक डाक्टर पुष्पराज कँडेलले कोरोना कहरलाई अवसरमा बदल्ने बताएका छन् ।

महामारीको समाधान भए लगत्तै बैदेशिक रोजगारमा गएका नेपाली स्वदेश फिर्ने छन् । कतिपय देशले आफ्ना नागरिक फिर्ता लान नेपाल सरकारलाई सचेत गराइसकेका छन् । यस्तोमा अन्तर्राष्ट्रिय उडान हुनासाथ धेरै नेपाली युवा स्वदेश फिर्नेछन् । यसले ग्रामीण क्षेत्रमा सक्रिय जनशक्तिको उपलब्धता बढाउनेछ भने महामारीको जोखिम पनि हुनसक्छ । यसलाई अवसर र चुनौति दुबैरूपमा स्वीकार गरी नीति, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न सरकारलाई बाध्य पार्नेछ । महासंकटमा बिदेशी भूमिमा भोग्नु परेको असहजता र पीडाबाट युवालाई स्वदेशमै पसिना बगाएर ऐश्वर्य जम्मा गर्न प्रेरित गर्नेछ । यसका लागि राज्यले कृषिमा आधुनिकीकरण, बितरणको प्रबन्ध, सेवासुविधाको उपलब्धता र उत्पादित वस्तुको लागतको आधारमा मूल्य निर्धारण गर्ने जस्ता काम गर्नुपर्छ । उपाध्यक्ष डाक्टर कँडेलले पनि ती युवासँग सीप, सोच र पुँजी पनि हुने भन्दै सरकारको आगामी कार्यक्रम कृषि र कृषकलक्षित हुने बताएका छन् । आगामी बजेटमा उत्पादनमूलक उद्योगको प्रबर्द्धन र विकासमा जोड दिइएन भने त्यसले फिर्ता आएका युवावर्ग कुण्ठित हुन सक्छन् जुन अवस्था सामाजिक द्वन्द्व निम्त्याउने कारण बन्न सक्छ । यो सशस्त्र हिंसाबाट बाहिर आएर भूकम्पको क्षतिबाट सम्हालिन नपाई कोरोना कहरले थिल्थिलो भएको अर्थतन्त्रलाई झनै पछि पार्ने कारण बन्न सक्छ । यसतर्फ राज्यको सजगता, सचेतता र सक्रियता देखिनु पर्छ ।

## नेकपा नेता भीम रावललाई खुलापत्र

# सरकारको विरोध किन ?



केशव उप्रेती

आदरणीय डा. भीम रावलज्यू,
अभिवादन तथा नमस्कार !

बिगत एक दशकदेखि तपाईंको स्पष्ट राजनीतिक र वैचारिक अडान तथा देशको सार्वभौमिकताको पक्षमा निस्कने आवाजको प्रशंसक, समर्थक र जीवनको पहिलो राजनीतिक मत तपाईंको पार्टीको चिन्हमा दिएको र आफूले बुझाउन सक्नेजतिलाई सोही चिन्ह्मा मत दिन अनुरोध गरी हिँडेको व्यक्तिका नाताले तपाईं सामु केही अनुरोध र सल्लाह प्रस्तुत गर्ने जमर्को गरेको छु, आशा छ मनन् गर्नु हुनेछ ।

डा. साब, म फेरि पनि दोहोर्‍याउन चाहन्छु म र मजस्ता लाखौं शुभेच्छुक र मतदाताहरु तपाई जस्तो निष्ठाको, पारदर्शिताको र स्पष्टताको राजनीति गर्ने मान्छेहरु देखेर नै साबिकको नेकपा (एमाले) र अहिलेको नेकपाप्रति आकर्षित भएका हौं । अहिले पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र विदेशमा पनि नेकपाका नीति तथा नेतृत्वमा भरोसा गर्ने मानिसहरु यो पार्टीको र सरकारको बिरुद्धमा खेलिने षड्यन्त्रहरुको बिरोध र भण्डाफोर गर्दै यो पार्टीको नेतृत्वमा देश समृद्ध बन्छ भन्ने सुन्दर भविष्यको कल्पना र सपना साँचेर बसेका छन् ।

हिजो चुनावको बेला यहाँहरुले नै भन्नु भए जस्तो छ वर्षे राजनीतिक स्थायीत्वका लागि बहुमतको सरकार कम्युनिस्ट पार्टीको नेतृत्वमा गठन हुँदा हामी सामान्य जनताको आशा र आकांक्षा सगरमाथा जस्तो चुलिएको थियो । हामी पूरै विश्वस्त थियौं कि छिट्टै नै देशमा विकासको युग शुरु हुनेछ । आर्थिक र सामाजिक विकास भएसँगै तमाम जातीय, क्षेत्रीय, साम्प्रदायिक र धार्मिक जालसाँझीहरु आफसेआफ किनारा लाग्नेछन् र हाम्रै पालामा नेपाल विश्वको एक नमूना देश बन्ने छ ।

आदरणीय नेताज्यू, हामीलाई विश्वास मात्रै होइन पूर्ण भरोसा थियो कि जनताले दिएको छ वर्षे जनमतको भरपुर उपयोग हुनेछ । त्यसका लागि बारम्बार सरकार परिवर्तन हुने बिगतको शृंखला तोडेर केपी ओलीको नेतृत्वमा बनेको सरकारले राजनीतिक स्थिरतासहित यस्तो काम गर्नेछ कि फेरि चुनावमा नेता भोट माग्न हिँड्ने होइन जनता नेतालाई भोट दिन आउने छन् । सँगसँगै यो पनि भरोसा थियो कि पार्टीको एकीकरणको काम छिट्टै टुङ्गिने छ र पूरै पार्टीपंक्ति सरकारलाई सरसल्लाह र सुझावसहित सफल बनाउने महाअभियानमा लाग्ने छ र अर्कोतिर पार्टीको संगठन विस्तार, सुदृढिकरण र प्रशिक्षणमा पनि उत्तिकै ध्यान दिई सबैपक्षलाई राष्ट्रहित खातिर गोलबद्ध गरी समाजवाद निर्माणको आधार तय गर्नेछ ।

निश्चय पनि यो बीचमा कानून निर्माण, कर्मचारी व्यवस्थापन, अन्य देशहरुसँगको सम्बन्ध सुधार र राज्य संयन्त्रको पृष्ठभूमि निर्माणको कामले गर्दा आर्थिक परिवर्तन देखिने गरी हुन नसक्नु स्वभाविक थियो । यो कुरा पनि सरकार र पार्टीबाट सामान्य नागरिकलाई बुझाउने कोशिस जुनरुपमा हुनु पर्थ्यो त्यो भएन । कम्युनिस्ट पार्टीको सरकार बनेदेखि नै चौतर्फी घेराबन्दी गरिराखेको शक्तिलाई खेल्ने ठाउँ त्यहीँ मिल्यो र उसले जनताका चुलिएका अपेक्षा वास्तविकतामा परिणत नभएको मौका छोपी भ्रम र निराशा छरिरह्यो भने जनता मिडियाको भर परेर 'जुन जोगी आए पनि कानै चिरेको' भन्दै आक्रोशित हुनथाले जुन स्वभाविक थियो । सरकार गठनको लगभग २ वर्ष पुगेपछि पार्टीको स्थायी कमिटीको बैठक बस्यो र सरकारको राम्रो कामको प्रशंसा गर्‍यो भने केही सुधार्नु पर्ने पक्ष पनि औँल्यायो । यो राम्रो कुरा थियो । तर त्यो पछि निर्णयमा भनिएका कुरामा समेत सरकारको प्रतिरक्षा तपाईं जस्ता विद्वान नेताबाट भएन, न त आलोचना नै भयो केही विशेष मुद्दामा बाहेक ।

त्यो बैठकको लगत्तै कोरोनाले देशलाई आक्रान्त बनाएको छ । सरकार आफ्नो बलबुताले भ्याएसम्म काम गरिराखेको छ । स्थानीय तहका जनप्रतिनिधिहरु पनि दिनरात नभनी जनताको सेवामा छन् । सबैको ध्यान कसरी ज्यान जोगाउने भन्नेतिर भएको बेला सरकारले अध्यादेश ल्यायो र सबैतिर तरङ्ग सिर्जना गर्‍यो । समय गलत भए पनि त्यो नेकपाको राजनीतिलाई तराईमा स्थापित गर्ने मामिलामा कोषेढुङ्गा नै साबित हुने थियो भन्ने त हामीलाई समेत थाहा भइसक्यो भने तपाईंहरुले नबुझ्ने त कुरै भएन जति नै थाहा नभए जस्तो गरे पनि । त्यसको आलोचना भयो र फिर्ता पनि भयो । फिर्ता नै आफैंमा आत्मालोचना होइन र ? आवश्यक भए कुरा पछिपनि गर्न सकिन्थ्यो, सुध्रिने सल्लाह वा चेतावनी जेले काम गर्थ्यो त्यो दिनु पर्थ्यो । तपाइँहरुले त मिडियाले कुरा शुरु गरेको एकदुई दिनदेखि त प्रधानमन्त्रीको राजीनामा पो माग्न थाल्नु भो र अध्यक्षको पदबाट पनि ! फेरि हरिबोल गजुरेलले बारम्बार मिडियामा भन्नु भएको छ कि त्यो अध्यादेशको कुरा प्रचण्ड सम्भवतः माधवकुमार नेपाललाई पनि थाहा थियो । उहाँहरुले चाहिँ किन रोक्नु भएन र आउन दिनुभो ? के उहाँहरुले चाहिँ नैतिक जिम्मेवारी लिनु पर्दैन ? अनि एकजना अध्यक्ष र प्रधानमन्त्री भएको मान्छेको चाहिँ राजीनामा माग्ने र अर्को अध्यक्षलाई चाहिँ बोकेर हिँड्ने जस्तो गैरजिम्मेवारीपन तपाईं जत्तिको बौद्धिक नेताबाट हुन सुहाउला ?

नेताज्यू, यो मान्छेले ओलीका नराम्रा काम देखेनछ र यो त अन्धभक्त पो रैछ भन्ने नसोच्नु होला । ओलीको आलोचना गरेकै कारण कतिपय नेताहरुसँग मेरो बोलचाल बन्द भएको छ । फेरि दोहोर्‍याउँछु, एमसीसी लगायत धेरै मुद्दामा तपाईंको समर्थन गरिराखेको छु । तर अहिले मुटु फुटेको छ,मन निराश छ । आँखा मिडियाभन्दा अन्त गएका छैनन् । युद्धमा होमिएपछि कमाण्डर परिवर्तन गरेजस्तो यो संकटको बेला सरकार ढाल्ने कुराले मिडिया तातेका छन्, त्यो पनि आफ्नै पार्टीको बिरोधको कारणले । कस्तो बिडम्बना रहेछ हामी नेपालीको, जुनै सरकार आए पनि, जस्तै बहुमत भए पनि पूरा कार्यकाल टिक्न नसक्ने, टिक्न नदिइने । सरकारका कमीकमजोरी भए समिक्षाको विषय होला, तर त्यो गर्नेबेला यस्तो गर्नु उचित थियो ? स्थायी कमिटीको बैठकको समयको कुरा गर्नु हुन्छ तपाइँहरु । यहाँ परीक्षा रोकिएका छन्, मान्छेका रोजगारी गुमेका छन्, भोकमरीले जनता छटपटाइरहेका छन्, यति नै बेला बैठक नगर्दा के आकाश खस्छ ?



विधि र प्रकृयाको कुरा गर्नु हुन्छ यहाँहरु, जुन राम्रो पनि हो । तर के कोटेश्वर वा खुमलटार वा अन्त कतै भएका निर्णयमा लालमोहर लगाउने गरी मात्रै हुनुपर्ने हो बैठक ? अनि कम्युनिस्ट पार्टीको विधि भनेको त तल्ला कमिटी, माथिका कमिटी मातहतमा, पराजित व्यक्ति निर्वाचित सदस्य वा अध्यक्षको मातहतमा अर्को महाधिवेशनसम्म रहने व्यवस्था हुन्छ होइन र ? अनि निर्वाचित अध्यक्षले पराजित अध्यक्षको लागि राजीनामा दिनुपर्ने कुन विधि भो ? म पनि त उपाध्यक्ष थिएँ, छोडें भन्नुहोला, त्यो एकताको बेला किन भन्नु भएन ? एकताको सहमतिमा सबै निर्णय दुई अध्यक्षको हस्ताक्षरका आधारमा हुने भनिएको छ होइन र ? के अब त्यो सहमतिको औचित्य सकिएको हो ? अनि कुन कम्युनिस्ट पार्टीको विधानले भन्छ आफ्नो नेतृत्वको बद्ख्वाँई सञ्चार माध्यम र सामाजिक सञ्जालमा पोख्दै हिँड्नु पर्छ भन्ने ? कम्तिमा यो महामारीको बेला बैठकको प्रतीक्षा गर्न सकिँदैन ? अरु नागरिकले चाहिँ आफ्नो सबै अधिकार र जरुरी जिम्मेवारी पनि तिलाञ्जली दिन सके तपाईं नेताहरुलाई चाहिँ के आपत पर्‍यो त्यस्तो ? कस्तो पद्धतिको कुरा सिकाउँदै हुनुहुन्छ तपाइँहरु ? भोलि अर्कोलाई खाने बाघले आफूलाई नखाला ? तपाईले भन्ने 'लोकतन्त्र' भनेको छाडातन्त्र हो ? हामीले त्यस्तै सिक्ने?

खुसी लाग्छ तपाईं बारम्बार ३ करोड जनताको मनोभावनाको कुरा हो यो भनिराख्नु हुन्छ । के अहिले ती सबै जनता यो सरकार फेरिनुपर्छ भन्ने पक्षमा छन् ? तल्लो तहका नेता-कार्यकर्ता यो पक्षमा छन् ? तपाईंको कार्यशैलीको, तपाईंहरुले जति नै दोष प्रधानमन्त्रीलाई लगाए पनि मूल्यांकन भइराखेको छैन होला त ? सोध्नु र बुझ्नु भएको छ जनमत ? हिजो राजनीतिक स्थिरताको लागि भनेर मागेको भोट यसकै लागि थियो ? 'विकास र समृद्धि' यही हो ? भोलि फेरि आउनु पर्दैन भोट माग्न ? हामी चाँहिदैनौ ? बहुमत नपचेपछि के भन्दै आउनुहुन्छ ? भन्नुहोला 'यो सरकारले विकास र समृद्धि दिएन त्यसैले फेर्न आँटेको' । आधार के ? हिजो घोषणापत्र एउटै थियो होइन र ? अनि को आउनु हुँदैछ नेतृत्व गर्न ? क. माधव ? क. प्रचण्ड ? क. झलनाथ ? क. बामदेव ? कि तपाईं ? खोई नयाँ योजना ? र काम नभए यति दिन र महिनामा राजीनामा दिन्छु भन्ने प्रतिबद्धता ? तपाईं ठेक्का लिनुहुन्छ कि अर्को नेतृत्व आएपछि सबै सम्स्या केही समयमै समाधान हुन्छन् ? समय लाग्छ भन्नु होला । अनि अहिलेको सरकारलाई चाहिँ समय चाहिँदैन थियो ? संघीयता कार्यान्वयन, कानून निर्माण, कर्मचारी व्यवस्थापन लगायत काम राम्रो गर्‍यो भनेर त स्थायी कमिटीको बैठकले भनेकै हो त ? अरु राष्ट्रिय गौरबका आयोजना पनि अगाडि बढेका छन् । गाउँ-गाउँमा सडक सञ्जाल र विजुलीको काम रातदिन भइराखेको छ । हो, हुनुपर्ने जति भएन तर के यो सरकारको मात्रै दोष हो ?

भाषा अलिक रुखो भएकोमा माफी चाहन्छु । नेताज्यू तर अहिलेको अवस्थामा तपाईंको ट्विट र फेसबुक स्टाटस अनि अन्तर्वार्ताको समर्थक नेकपा (तत्कालीन एमाले) समर्थक छैनन्, तत्कालीन माओवादीका केही स्वार्थी समूह र अन्य पार्टीवाला, जो साँच्चै कम्युनिस्ट नेतृत्व देख्न चाँहदैनन् र घरको झगडा होस् भन्ने चाहन्छन्, अनि जसले मिडियालाई सजिलै विश्वास गर्छन् ती हुनसक्छन् । ओलीको कार्यशैलीको आलोचक म पनि हुँ । अनियमितता र भ्रष्टाचार भएका रहेछन् र अहिलेको सरकारले कारवाही गरेन भने छातीमा गोली थापेर लड्न हामी तयार छौं । पाँच वर्ष भनेको जे गरे पनि हुन्छ भनेर पठाएको होइन तर यो यस्तो डम्फु बजाउने बेला होइन । चाहे तपाईंहरु जेसुकै तर्क दिनुहोस्, इतिहासले धिक्कार्नेछ तपाईंहरुलाई -यदि सरकार गिराउने गणितको खेलमा साँच्चै लाग्नुभो र लाखौं कार्यकर्ता अनि जनताको भावनामा बञ्चरो हान्नुभो भने ।

अन्त्यमा, फेरि पनि सत्ता परिवर्तन आवश्यकता नै हो भन्ने अडान हो भने प्रष्ट भन्नुहोस् कारणहरु, जस्तैः वालुवाटारको अनियमितताको कारवाही हुन आँटेकोले वा लडाकु शिविरको अमियमितताको फाइल खोलिन आँटेकोले वा त्यस्तै अरु केही ? नत्र यति आपत किन ? यो अध्यादेश र सांसद्लाई काठमाण्डौ ल्याएको बासी र काम नलाग्ने तर्क नदिनु होला । कृपया कम्तीमा हामी नेकपा समर्थक चाहिँ यो कुरा मान्दनौं । अर्को कुरा, सरकारको नेतृत्व परिवर्तन गरेर पहिले नै कुर्सी ओगट्नु भएका कुनै एक नेतालाई राख्दा त झनै तिक्तता र निराशा बढ्छ आम मानिसमा । सचिवालयका नेताको प्रालि होइन नेकपा । सबै दोस्रो, तेस्रो र चौथो पुस्ताका नेताहरुको (पाँच/छ ओटै गुटको भन्या है) छुट्टै बैठक बस्नुहोस्, हस्तक्षेप गर्नुस् पार्टी र सरकारमा । मौका यही हो यदि साँच्चै देश विकास र परिवर्तनको मुद्दा हो भने । 'टेस्टेड' अनि फेल नेताबाट केही ठूलो परिवर्तन हुने छैन । उँहाहरुलाई हिजो आफैंले जानी-नजानी गरेका गल्तीबाट बच्ने र आफ्नो गुट अनि जग बलियो बनाउने कामले नै रुमल्याउँछ । विदेशी शक्तिको ब्ल्याक्मेलिङ्ग, धम्की र दवाव त झन् डरलाग्दो नै छ । विशेषज्ञताको आधारमा सानो र छरितो मन्त्रिमण्डल बनाउँछौं र यो गर्छौं भनेर भन्नुस् सबै जनतालाई हामी सडकमा आएर साथ दिन तयार छौं । तर, यो कामका लागि पनि यो महामारी साम्य हुन चाहिँ दिनुस् है ।

## अन्तर्राष्ट्रिय खबर

# जापानमा आपतकाल एक महिना थपिने

**जापान, वैशाख २२।** जापानी प्रधानमन्त्री सिन्जो आबेले जापानमा आपतकालको अवधि करिब एक महिना लम्ब्याउने तयारी गरिरहेको बताइएको छ ।

यसअघि यहाँको सरकारले यही मे ६ सम्मका लागि आपतकालको घोषणा गरेको थियो । तर, यो अवधिलाई लम्ब्याएर कम्तीमा यो महिनाको अन्तिमसम्म पुर्‍याउने योजना प्रधानमन्त्री आबेले बताएको सञ्चारमाध्यमले जनाएका छन् ।

जापानको टोकियोसहितका सात प्रान्तमा एक महिनाअघि लामो आपतकाल घोषणा गरिएको थियो । सो महिनादिन लामो आपतकाल यही मे ६ तारिखमा सकिन लागेको हो ।

यसैगरी यसअघि आपतकालको घोषणा गर्दा विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसले पारेको आर्थिक प्रभावबाट बच्न प्रोत्साहनस्वरुप ठूलो आर्थिक प्याकेजको घोषणासमेत यसअघि गरिएको थियो ।

जापानी प्रधानमन्त्री आबेसँग जापानको मन्त्रिपरिषदका प्रमुख सचिव, स्वास्थ्यमन्त्री र आर्थिक विकाससम्बन्धी मन्त्रीले भेटवार्ता गरी यस विषयमा परामर्श गरेका थिए ।

त्यसक्रममा प्रधानमन्त्री र उनीहरुबीच महिना दिनसम्मका लागि पुनः आपतकालको अवधि लम्ब्याउने विषयमा



कुराकानी भएको बुझिएको यहाँका सञ्चारमाध्यमहरुले दिएका छन् ।

समाचार अनुसार प्रधानमन्त्री आबेले पत्रकार सम्मेलन गरेर यस आपतकालको अवधि बढाउने विषयमा जानकारी गराउने बताइएको छ । आपतकाल घोषणा गरिएको टोकियोसहितका सात प्रान्तमा जापानको कुल जनसंख्याको करिब ४४ प्रतिशत मानिसहरुको बसोबास रहेको छ ।

आपतकालको घोषणाले मानिसहरुलाई घरमै बस्न र व्यापार व्यवसाय बन्द गरी मानिसहरुको भीडभाडबाट टाढा रहनका लागि दबाब सिर्जना गर्न सम्बन्धित अधिकारीहरुलाई निर्देशन दिनेछ ।

प्रधानमन्त्री आबेले अन्य व्यक्तिसँगको सम्पर्क घटाउन सक्यौं भने आगमी केही सातामा नै संक्रमितको संख्या उल्लेख्य मात्रामा घटाउन सक्ने बताए । सोमबार जापानमा कोरोना भाइरसका संक्रमितको संख्या बढिरहेको देखिएको छ । जापानमा यस भाइरसबाट संक्रमितको संख्या १५ हजार पुगेको देखिएको छ ।

यी संक्रमितहरुमध्ये जापानाको राजधानी टोकियोमा मात्र ४ हजार ६०० जना रहेका छन् । यस संक्रमणका कारण यहाँ ५०० भन्दा बढीको ज्यान गएको छ ।

अधिकारीहरुले यसैकारण जापानमा आपतकालको अवधि थप गरिएको विषयमा घोषणा गर्न लागिएको बताएका छन् । यसअघि पनि अघिल्लो महिनामात्र जापानमा भाइरसको नयाँ संक्रमित देखिने क्रम बढेकाले उल्लेख्य मात्रामा भाइरस फैलिन सक्ने चेतावनीसँगै जापानले आपतकाल घोषणा गर्ने निर्णय गरेको थियो ।

# भारतको औद्योगिक उत्पादनमा व्यापक गिरावट

**नयाँदिल्ली, वैशाख २२।** कोरोनाभाइरस रोकथामका लागि मुलुकलाई लकडाउन गरिएका कारण भारतमा गत अप्रिल महिनामा समग्र औद्योगिक उत्पादनमा भारी गिरावट आएको छ । लकडाउनका कारण भारतका अधिकांश उद्योग प्रतिष्ठानहरु बन्द गरिएपछि यस्तो अवस्था सिर्जना भएको हो ।



मागमा व्यापक कमी आएपछि नयाँ व्यवसायहरु यस अवधिमा शुरु हुन पाएका छैनन् भने हाल सञ्चालनमा रहेका उद्योग व्यवसायबाट पनि व्यापक मात्रामा कर्मचारी कटौती गरिएका छन् ।

यहीबीच,उत्पादित वस्तुको मागलाई यथावत राख्न उद्योग प्रतिष्ठानहरुले लागत खर्च र उत्पादित सामग्रीको मूल्यमा पनि निकै कमी ल्याएका छन् ।

मार्च महिनामा ५१.८ विन्दुमा रहेको आइएचएस मार्किट इन्डिया म्यानुफ्याक्चरिङ पिएमआई अप्रिल महिनामा झण्डै आधाले घटेर २७.४ विन्दुमा झरेको छ । भारतमा मासिक पिएमआई गणना विगत १५ वर्षदेखिको तथ्याँक विश्लेषणका आधारमा हुने गरेको छ ।

पिएमआई गणनामा समाविष्ट विज्ञहरुको समूहले कलकारखानाहरु अस्थायी रुपमा बन्द गरिएका कारण उत्पादनमै कमी आएको बताएको छ ।

कलकारखाना र व्यवसायहरु सबैजसो बन्द गरिएका कारण अप्रिल महिनामा मागमा नराम्रो असर परेको हो । विगत अढाई वर्षयता पहिलोपटक नयाँ मागमा गिरावट आएको छ । भारतीय औद्योगिक सर्भेमै पहिलोपटक सबैभन्दा तीव्र गतिमा मागमा कमी आएको हो । अप्रिल महिनामा अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि मागमा व्यापक कमी आएको छ । सन् २०१७ यता विदेश निर्यातमा पहिलोपटक सबैभन्दा कमजोर स्थिति देखिएको छ । मागमा कमी आएसँगै अप्रिलमा व्यापक कर्मचारी कटौती भएको छ । भारतीय आइएचएस पिएमआई भारतीय औद्योगिक क्षेत्रको सूचना विश्लेषण गर्ने प्रमुख सूचक हो ।

# दक्षिण कोरियामा विद्यालय पुनः सञ्चालनमा ल्याइँदै

**दक्षिण कोरिया, वैशाख २२।** दक्षिण कोरियाले विद्यायलहरुलाई आ-आफ्ना विद्यार्थीहरु फिर्ता बोलाउने अनुमति दिने बताइएको छ । देशमा कोरोना भाइरसको प्रकोप घट्दै गएकोले अर्को हप्तादेखि देशका विद्यालयहरु पुनः सञ्चालनमा ल्याइने जनाइएको छ ।

कोरोनाभाइरसको प्रकोप घट्दै गइरहेकोले मे १३ बाट उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरु र मे २० बाट निम्न माध्यामिक स्तरका विद्यार्थीहरुलाई विद्यालयमा आउने अनुमति दिइने शिक्षामन्त्री यो इअन हाएले बताए ।

दक्षिण कोरियामा कोरोना भाइरस फैलिएपछि करिव ५४ लाख विद्यार्थीहरुले गत अप्रिल ९ देखि अनलाइन कक्षा लिइरहेका छन् । दक्षिण कोरियाको हालका हप्ताहरूमा कोरोना भाइरसको प्रकोप निरन्तर रुपमा घटिरहेको छ । अधिकारीहरूले समाजिक दुरी नियमहरूमा पालाना गर्न सर्वसाधारणलाई आग्रह गरिरहेका छन् ।

करिब एक हप्ता अगाडि दक्षिण कोरियाले आठ थप भाइरस संक्रमित भेटिएपछि १० हजार ८ सय जनामा कोरोना भाइरस सक्रमण देखिएको छ । यस कोरोना भाइरस संक्रमणबाट दक्षिण कोरियामा २५२ जनाको मृत्यु भएको थियो ।

# जन्म र मेरो कर्म



खगेन्द्र घिमिरे

मेरो ज्यानभन्दा पनि गरीबको भोकसँग सवाल थियो, छ र हुनेछ। मलाई थाह छ भोक लाग्दा खान नपाउँदा कस्तो हुन्छ भनेर ।

भनिन्छ, जन्मेको छैठौं दिनमा भाग्यको निर्धारण हुन्छ भनेर। होला मानिसको जन्म र मृत्यु स्वभाविक प्रकृया नै हो तर जन्मेपछि उसले समाजमा के कर्म गऱ्यो त्यो नै महत्वपूर्ण हुन्छ।

मान्छे जन्मनु मात्र ठूलो कुरा पक्कै होइन। जीवनमा पैसा कमाउनु मात्र सबैथोक होइन। पैसा भएर पनि अहम्को अवस्था र पैसा नहुनेको सुखको अवस्थाका उदहारणहरु पनि हामीले प्रशस्त रुपमा देखेका छौं। आखिर पैसा हुने र सम्पन्न देशहरुमा अहिले ती मानवलाई के मृत्युले छेक्यो ? आखिर तिनै देशका सम्पन्न र धनीको सूचीमा आउनेहरु आज एउटा भाइरसको कारण कारुणिक रुपमा मृत्युको बाटो रोजिरहेका छन्।

हामी सधैं धनको पछि हिडिरहँदा हाम्रो पछाडि के छ, कस्तो अवस्था छ त्यो पनि सोच्नु पर्नेहुन्छ। हैन भने न धनले रोक्छ नत रोगले रोक्छ। भनिन्छ नि कर्म गर तर, फलको आशा नगर।

यो भनिरहँदा आफ्नै सबै जीवन कर्मकै लागि सुम्पिने भन्ने मेरो आशय होइन। तर केही कमाउँदै छौं भने केही खर्च गर्न पनि सक्नुपर्छ। मानव भएर मानव जीवनको अवस्थाको बिषयमा केलाउन नसक्ने र दुःख बुझ्न नसक्नु हो भने मानव भएर यो धर्तीमा जन्मनुको कुनै अर्थ छैन।

कोरोना भाइरस (कोभिड-१९) का कारण अहिले विश्व आक्रान्त छ। चीनको वुहान शहरबाट शुरु भएको कोरोना महामारीको यात्रा विश्वभर फैलिएको छ। बिश्वभरका महाशक्ति राष्ट्रसँगै हाम्रो जस्तो विकासोन्मुख देश पनि यतिबेला महामारीविरुद्ध लडिरहेको छ। कोरोना भाइरसले मानव जीवन मै धावा बोलिरहेको छ। हामी मात्र अहिले जीवन बचाउन खोजिरहका छौं। आखिर यो बेला कुनै अरु शक्तिले कहाँ काम गऱ्यो त ?

यो महामारीसँग कसरी लड्न सकिन्छ भनेर विश्वभरका बैज्ञानिक, डाक्टर, विज्ञको प्रयास कमजोर सावित भइरहेको छ। लाखौंको ज्यान क्षणभरमै गइरहेको छ। नेपालमा समेत लकडाउन शुरु भएको ६ हप्ताभन्दा बढी भएको छ। लकडाउन शुरु भएपश्चात् मानिसमा बिभिन्न समस्या देखिँदै आइरहेको छ। हाल सबैले कोरोनालाई जित्नु छ।



तर भोकलाई कसरी जित्ने त्यो पनि अर्कोतर्फ चिन्ताको बिषय भएको छ।

लकडाउन भएपछिका केही दिन म आफू अरु सञ्चारकर्मीझैं घरबाटै रिपोर्टिङ गर्दै रहें। तर, म टेलिभिजनमा समेत काम गर्ने भएकाले टेलिभिजन पत्रकारिता घरमा बसेर गर्न नसकिने, भिडियो बोल्नु पर्छ भन्ने उद्देश्यले ज्यानको बाजी लगाएर कार्यक्षेत्रमा निस्किएँ। आफ्नो सुरक्षा सर्तकताको उपायहरु जोहो गर्दै कार्यक्षेत्रमा पुग्दा मैले सडकमानव भोकै देखें। हो म एक सञ्चारकर्मी भएको हिसावले मेरो पहिलो दायित्व समाचार लेख्नु थियो।

तर, सडकमा बसेका असहाय र बिपन्नको त्यो अवस्था मैले हेर्न सकिन। पहिलोपटक समाचार लेखें तर त्यो अवस्थाको बिषयमा सरकारले सुन्न सक्ने अवस्था थिएन। किनकि सरकार आफैं लकडाउनमा छ। त्यसपछि मेरो अठोट बन्यो समाचारपछि लेखौंला आखिर ज्यानको बाजी लगाएर सडकमा त निस्किसकें अव केही गर्नुपर्छ।

लकडाउनको ९ औं दिन म काँकरभिट्टबाट कनकाई माईसम्मका सडकका मानवको बिषय चिन्ता लिदैं सहयोगी सञ्चारकर्मी सचिन न्यौपानेको साथमा उनीहरुका लागि फलफूल लिएर निस्किएँ। आखिर लकडाउनको देश आक्रान्त बनिरहेको अवस्थामा उनीहरुका लागि बास र राहत त परै जाओस् मुखमा अन्न नपरेको धेरै भएको ती व्यक्तिहरुले दुखेसो हामीलाई पोखे।

केही मानसिक सन्तुलन गुमाएका त केही बेबारिसे भएर सडकमा हिँडेका ३० जनाभन्दा बढीको पहिचान गरियो। तत्कालै अव सरकारको मुख ताकेर केही हुँदैन उनीहरुको भोकै मर्छन्। उनीहरुलाई भोकै मर्न दिनु हुँदैन भन्ने सोचले सत्यसाई सेवाकेन्द्र प्रदेश नं. १ क का संयोजक कबिन्द्र श्रेष्ठको नेतृत्वमा दोस्रो दिनबाट उनीहरुका लागि एक छाक खानाको व्यवस्था गर्ने निर्णय भयो।

त्यो अभियान आजको दिनसम्म निरन्तर चल्दै आएको छ। अहिले दिउँसो हाम्रो गाडी सडकमा निस्कँदा सडकबाटै हाम्रो गाडीतिर हेरिरहेका ८० भन्दा बढी ती भोका पेटहरु खाना खान पाएपछि खुसीले हर्षित हुन्छन्।



आज मैले ती बिपन्नमा आएको विभिन्न समस्या, गुनासो पनि प्रत्यक्ष हेर्ने मौका पाएको छु। सडक पेटीदेखि गरीव बिपन्नको सारथी नाम दिएर हामीले हाम्रो अभियान शुरु गरेपछि अहिलेसम्म ती समस्या तत्कालै समाधान गर्ने प्रयास गर्दै आएका छौं। त्यसपछि हामीले गाउँमा प्रवेश गरेर त्यहाँका वासिन्दाको पीडा सुन्न थाल्यौं। जहाँ रोगभन्दा भोकको बढी चिन्ता थियो, औषधि उपचारको चिन्ता थियो। राहत नपाएको गुनासो थियो। त्यसमा पनि मध्यम बर्गको गुनासो सतहमा आउन नसकिरहेको थियो। त्यहाँ हामी राहत लिएर पुग्दाको खुसी कल्पनासमेत गर्न सकिन्न।

नागरिकको बाटोमा बिजोग, लकडाउनमा घरभित्र बस्नु भन्ने आदेश, अनि एकद्वार नीति तर कहिले पाउने राहत, कति भोकै बस्नु पर्ने, यस्ता समस्यालाई देख्न नसकेर हामी सहयोगी भावना लिएर सडक र गाउँगाउँमा निस्किएका हौं।

हामी सामाजिक सञ्जाल, दाताहरु, सहयोगीहरु शारीरिक दुरीलाई मध्यनजर गरी काम गरिरहेका छौं। झापाको मेचीनगर, बिर्तामोड, बुद्धशान्ति, भद्रपुर, कनकाई, दमक लगायतका क्षेत्रमा पाँच सयभन्दा बढी बिपन्नको चुलोमा आगो बाल्ने अवस्था र पेट भर्नसक्ने अवस्था बनाउन हामी लागीपरेका छौं। सडकपेटीमा १० बर्षदेखि जीवन बिताउँदै आएकी कनकाई नगरपालिका माई नजिकैकी महिलाको उद्धार गर्न हामी सफल भएका छौं। प्रदेश नं. १ सामजिक विकास राज्यमन्त्री जसमाया गजमेरको सहयोग र कनकाई नगरपालिकाको सहयोगमा ती महिलाको उद्धार सम्भव भयो। अन्य सडक मानवको उद्धारमा हामी लागीपरेका छौं।

नगरपालिकासँग समन्वय गरेर वडा क्षेत्रलाई आवश्यक पर्ने राहत वितरणसमेत हाम्रो प्राथमिकता रहेको छ। यो अभियानमा विशेष गरी सहयोगी दाताहरुलाई धन्यवाद दिनै पर्छ। हामी धेरैजसो रकमभन्दा पनि खाद्यान्न सहयोग मागिरहेका छौं। यो अभियानमा नरेश मोहरा, सचिन न्यौपाने र म अहोरात्र खटिराखेका छौं। हामीमा कुनै स्वार्थ छैन । दिनदुःखीले खान पाउनु पर्छ। हामीले मात्र खाएर हुँदैन। सकेसम्म केही गर्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो। अर्को कुरा यो अभियान गरिरहँदा घरमा बसेर बिरोध गर्नेहरु पनि नआएका हैनन्। आफ्नै पेशाका नेता, राजनीतिक दलका नेता कार्यकर्ताले बिरोधसमेत गरे। तर, म पछि हटिन। मलाई मेरो ज्यानभन्दा पनि गरीवको भोकसँग सवाल थियो, छ र हुने छ।

**यो अभियानमा नरेश मोहरा, सचिन न्यौपाने र म अहोरात्र खटिराखेका छौं । हामीमा कुनै स्वार्थ छैन । दिनदुःखील खान पाउनु पर्छ । हामीले मात्र खाएर हुँदैन । सकेसम्म केही गर्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो । अर्को कुरा यो अभियान गरिरहँदा घरमा बसेर बिरोध गर्नेहरु पनि नआएका हैनन् ।**



आज म मेरी ५ बर्षकी छोरीलाई यही भन्छु बाबु तिमी ठूली भएर जतिसुकै पैसा कमाएपनि दिनदुःखीको सेवामा चाहिँ केही गर्नु है। किन कि म आफू पनि सानैदेखि गरिबीको पीडा भोगेर हुर्किएको छु। त्यसैले मलाई थहा छ भोक लाग्दा खान नपाउँदा कस्तो हुन्छ।

म सामाजिक कर्म गर्न पछि हट्ने छैन। यो अभियानमा सहयोग पुऱ्याउने सामाजिक अभियन्ता, अधिकारकर्मी दीपक दास, उद्धार कार्यमा सहयोग पुऱ्याउने माननीयज्यू, जनप्रतिनिधिज्यू, सही सूचना सम्प्रेषण गरिदिने साथीहरु, सहयोगी हातहरु, सहयोगी समन्वयकारी भूमिका निर्वाह गर्ने राज्यका विभिन्न निकायमा नमन छ। सुरक्षित बसौं, कोरोनालाई जितौं।

*(घिमिरे सञ्चारकर्मी तथा सामाजिक अभियान्ता हुन् )*

# राहत वितरणमा झडप हुँदा चार जना घाइते

**सिरहा, वैशाख २२।** लकडाउन'को मारमा परेका विपन्न, मजदुर परिवारलाई राहत वितरण गर्ने क्रममा सिरहा नगरपालिका- ७ फूलबडियामा सोमबार स्थानीयवासी र प्रहरीबीच झडप हुँदा चार जना घाइते भएका छन्।

राहत लिनेको सूचीमा धनी व्यक्तिको नाम समावेश भएको भन्दै स्थानीयवासीले राहत वितरण गर्ने टोलीमाथि ढुङ्गामुढा गर्न थालेपछि प्रहरी र स्थानीयवासीबीच झडप भएको हो। झडपका क्रममा प्रहरीले भीडलाई तितरवितर पार्न तीन राउण्ड हवाई फायर र आधा दर्जन राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए । झडपका क्रममा चार जना स्थानीयवासी सामान्य घाइते भएको र उनीहरुको स्थानीय क्लिनिकमा उपचार भइरहेको छ। मिर्चैया नगरपालिका वडा नं -७ का वडाध्यक्ष रामकुमार यादवले राहत पाउनेको सूचीमा आफ्ना आसेपासेको नाम मात्रै समावेश गरी राहत वितरण गर्न थालेकाले विरोधमा उत्रेका स्थानीयवासी रामेश्वर यादवले बताए। वडाध्यक्ष यादवले मनोमानी ढङ्गले विपन्नको नामावली सङ्कलन गरेर राहत वितरण गर्न थालेको विरुद्धमा स्थानीयवासी ओर्लिएपछि प्रहरी र स्थानीयवासीबीच झडप भएको उनको भनाइ छ। यता वडाध्यक्ष यादवले कुनै पूर्वाग्रह नराखी निष्पक्ष तरिकाले वास्तविक विपन्न, गरिब परिवारलाई राहत वितरण गर्न खोज्दा राजनीतिरुपमा विवाद सिर्जना गर्न खोजिएको बताए। यसअघि मिर्चैया नगरपालिकाको अन्य वडामा पनि राहत वितरण गर्ने क्रममा विवाद भएको थियो।

यस्तै सिरहाको सुखीपुर नगरपालिका- २ मा पनि राहत विरतणका क्रममा आइतबार झडप भएको थियो। वडाध्यक्ष भुपनेश्वर यादवले राहत वितरण गर्नेको सूचीमा आफ्ना आसेपासेको नाममा मात्र समावेश गरेको भन्दै राहत वितरणमा अवरोध गर्न खोजेपछि झडप भएको हो।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


## हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मिहिनेतले फाइदा दिलाउनेछ। बुद्धिको उपयोगले जटिल ठानिएको काम सम्पादन होला। आजको कामबाट दिगो फाइदा हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनको डर उत्साहमा रूपान्तरित हुनेछ। परिवारमा आमाको सहयोग लिंदा काम सम्पादन हुन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ काममा हात हाल्ने समय छ। केही संघर्ष गर्नुपरे पनि बिस्तारै फाइदा उठाउन सकिनेछ। व्यावसायिक काममा मनग्गे लाभ हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। सहयोगीहरूले हात झिक्नाले केही समस्या भने बढ्न सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रतिस्पर्धीहरूले अलि दुस्ख देलान्। काममा सहयोगको आशा देखाउनेहरूबाट धोका पाइने सम्भावना देखिन्छ

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मौका पर्खंदा स्थितिमा सुधार आउनेछ। आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला। धर्यधारण आवश्यक छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ। महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो आनन्द प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विगतका कमजोरी सच्याउन जुट्नुपर्ला। आगन्तुकले अलमल्याउने हुदा काम रोकिन सक्छ। जमघटका बीच स्वादिष्ट भोजन मिल्ला।